Ambassador

नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Brussels, Belgium

## २५७० औं बुद्ध जयन्तीको शुभकामना सन्देश

बौद्ध दर्शनका प्रवर्तक, एसियाको प्रकाश उपमाले परिचित नेपाल राष्ट्रका गौरव एवं विश्व शान्तिका अग्रदूत गौतम बुद्धको २५७० औं जन्मजयन्तीको अवसरमा बेल्जियमलगायत विश्वभरका सम्पूर्ण बौद्धमार्गी समुदायमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

वैशाख शुक्लपक्षको पूर्णिमा तिथिमा एकैदिन पर्ने गौतम बुद्धको त्रि-संयोग अर्थात् जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाणलाई बुद्ध जयन्तीका रुपमा विश्वभरका बौद्धमार्गीहरूद्वारा आरोग्य र विश्व शान्तिको कामनासहित मनाउने गरिन्छ । आजको दिन नेपालमा सार्वजनिक विदासहित धूमधामकासाथ बुद्ध जयन्ती मनाइन्छ । बुद्ध जयन्तीको अवसरमा यस राजदूतावासले पनि बेल्जियममा पहिलो पटक योगध्यान सहितको आरोग्य शान्ति पदयात्रा कार्यक्रम आयोजना गरी मनाउने भएको छ।

युनेस्कोको विश्वसम्पदा सूचीमा समावेश विश्वको साँस्कृतिक धरोहर गौतम बुद्धको जन्मस्थान लुम्बिनी नेपालमा हुनु हामी सबैका लागि गौरवको विषय हो। गौतम बुद्धका प्रेरणादायी उपदेश, सम्पूर्ण चराचर जगतको भलाइ गर्ने **"बसुधैव कुटुम्बकम्"** को सम्यक दर्शनमा निहित वहाँको शिक्षा र प्रेरणालाई हामी सवैले आत्मसात् गर्न सकेमा व्यक्ति घर, परिवार, समाज र मुलुक हुँदै विश्वव्यापी रुपमा विश्वबन्धुत्वको भावना प्रगाढ हुनेमा हामी सबै विश्वस्त हुन सकिन्छ ।

आजको दिनले बुद्धको अहिंसा र शान्तिको मार्गमा अग्रसर हुन हामी सबैलाई प्रेरणा मिलोस भन्ने कामना गर्दै पुनः २५७० औं बुद्ध जयन्तीको हार्दिक शुभकामना व्यक्त गर्दछु।

साथै, यसै तिथिमा पर्ने किराँत समुदायको महान पर्व उभौलीको समेत उक्त समुदायका सम्बद्ध सबैमा हार्दिक मंगलमय शुभकामना प्रकट गर्दछु ।

धन्यवाद ।

**बि. सं. २०८३ बैशाख १८ गते शुक्रबार ।**